# घरजग्गा कारोबारको शिथिलता हटाउँछौँ : मन्त्री सिंह

■ सौर्य समाचार

काठमाडौँ । उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले घरजग्गा कारोबारमा देखिएको शिथिलतालाई हटाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् । जग्गा आवास विकासमा देखिएका समस्या समाधानका लागि सुझाव दिन गठित कार्यदलको प्रतिवेदन बुझ्दै उनले घरजग्गा कारोबारलाई थप व्यवस्थित बनाउने बताएका हुन् ।

प्रतिवेदनमा उठेका विषयलाई क्रमिक रूपमा कार्यान्वयन गर्दै लैजाने पनि उनको भनाइ छ । 'जग्गा तथा आवास विकाससँग सम्बन्धित ऐतिहासिक दस्तावेजका रूपमा यो प्रतिवेदन पछिसम्म रहनेछ । जग्गा र आवाससम्बन्धी अनुसन्धान गर्नेहरूले पनि यो प्रतिवेदनलाई आधार बनाउनेछन् भन्ने विश्वास छ', उनले भने, 'तपाईंहरूले



दिएको प्रतिवेदनलाई केलाएर मन्त्रालयले ऐन नियम बनाउने क्रममा पनि यसले आधार दिनेछ । प्रतिवेदनमा भएका सुझाव कार्यान्वयनका लागि मन्त्रालयले काम गर्नेछ ।' घरजग्गा तथा आवास क्षेत्रले नेपालको अर्थतन्त्रमा योगदान पुऱ्याएको भन्दै मन्त्री सिंहले मन्त्रालयको तर्फबाट यसमा नीति बनाउँदा थप ध्यान दिने पनि बताए । सरकार, निजी क्षेत्रको अन्तर्क्रिया तथा व्यक्तिगत रूपमा कार्यदलले बुझाएको प्रतिवेदनले नेपालको घरजग्गा र आवासको कारोबार उकास्न मद्दत पुग्ने उनको भनाइ छ ।

उनले मध्यम र निम्न वर्गका परिवारलाई पनि 'हाउजिङ' आवासमा समेट्न मन्त्रालयले आवश्यक पहल गर्ने बताए । सहरी विकास मन्त्रालयका भवन, आवास तथा योजना महाशाखाका प्रमुख दिलीप भण्डारीको संयोजकत्वमा गठन भएको कार्यदलले जग्गा, आवास विकाससँग सम्बन्धित व्यवस्था अध्ययन गरी पुनरवलोकन गर्नुपर्ने विषय पहिल्याएर सुधारसहितको प्रतिवेदन बुझाएको हो ।

# कवाडी गोदाममा महानगरले चलायो डोजर

■ सौर्य समाचार




काठमाडौँ । काठमाडौँ महानगरपालिकाले अनामनगर स्थित सरकारी जग्गामा बनाइएको कवाडी गोदाममा डोजर चलाएको छ । शुक्रबार बिहान महानगरले डोजर लगाएर गोदाम भत्काएको हो । कवाड संकलकहरूले सरकारी जग्गालाई लामो समयदेखि गोदामका रूपमा प्रयोग गर्दै आएका थिए । महानगरले त्यसलाई हटाउन आग्रह गरिरहे पनि हटाउन अटेरी गरेपछि महानगरले डोजर चलाएको हो ।

यसैबीच, कवाड व्यवसायी समाजले निर्वाध रूपमा पेसा व्यवसाय सञ्चालनको वातावरण बनाउन आग्रह गरेको छ । समाजका अध्यक्ष रामकेवल गुप्ताले शुक्रबार विज्ञप्ति जारी गर्दै काठमाडौँ महानगरपालिकाले कवाड व्यवसायीमाथि गरिरहेको व्यवहार तत्काल सच्याउन माग गरेका हुन् ।

महानगरले कवाड व्यवसायीलाई दुःख दिने, तोडफोड गर्ने गर्दै आएकामा शुक्रबार पनि अनामनगर, विशालनगर, बानेश्वर र सेतोपुल क्षेत्रका कवाडमा तोडफोड गरिएको समाजले आरोप लगाएको छ । 'कवाड व्यवसायीका सामान जफत गरेर अभद्र व्यवहार गरिएको छ । यस प्रकारको ज्यादती तत्काल रोकी सहज ढंगले पेसा व्यवसाय सञ्चालन गर्न दिन हुन सरोकारवाला सबैलाई अनुरोध गर्न चाहन्छौँ', विज्ञप्तिमा भनिएको छ ।

# कार्यालय समयमा उपलब्ध नहुने चिकित्सकलाई कारबाही गरिने



■ सौर्य समाचार

काठमाडौँ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कार्यालय समयमा उपलब्ध नहुने चिकित्सकलाई कारबाही गर्ने भएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले गुनासो सुनुवाइ एकाइ 'हेल्लो स्वास्थ्य ११११' मा कार्यालय समयमा चिकित्सक उपलब्ध नभएको गुनासो आएको र अटेर गरेको पाइए कारबाही गर्न मातहतका अधिकारीलाई निर्देशन दिएका छन् ।

उनले विद्युतीय हाजिरी अनिवार्य गर्ने व्यवस्था मिलाउनका लागिसमेत निर्देश गरेका छन् । मन्त्री पौडेलले नियमित रूपमा हेल्लो स्वास्थ्यमा आएका गुनासा सुन्दै सुधारका लागि अधिकारीको ध्यानाकर्षण गराउँदै आएका छन् । मन्त्रालय अन्तर्गतको गुणस्तर मापन तथा नियन्त्रण महाशाखाले मातहतका सबै कार्यालयमा पठाएको पत्रमा चिकित्सक एवं स्वास्थ्यकर्मी कार्यालय समयमा कार्यकक्षमा रही सेवा प्रवाहको व्यवस्था मिलाउन भनिएको छ ।

मन्त्रालयले मातहतका सबै अस्पतालमा पत्राचार गर्दै कार्यालय समयमा सेवा प्रवाह गरेको सुनिश्चितता गर्न भनेको हो । कार्यालय समयमा बाहिर जानु परे लगबुक राखेर मात्र जाने व्यवस्था मिलाउन पत्रमा भनिएको छ । मन्त्रालयले कार्यालयमा आउँदा र जाँदा अनिवार्य रूपमा विद्युतीय हाजिरी गर्ने व्यवस्था मिलाउनसमेत पत्रमा उल्लेख छ ।

मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले कार्यालय समयमा चिकित्सक तथा स्वास्थ्यकर्मी नभएको बारम्बारको गुनासोपछि पत्राचार गरिएको भन्दै अनुगमन पनि गर्ने बताए । 'कार्यालय समयमा सेवामा उपस्थित हुनुपर्ने सबैको कर्तव्य हो', उनले भने, 'यसलाई कडाइका साथ लागू गर्न स्मरण गराएका छौँ । अनुगमनमा कोही दोषी भेटिए कारबाही हुनेछ ।' प्रवक्ता बुढाथोकीले मन्त्रालयले व्यवस्था गरेको गुनासो सुनुवाइ एकाइ 'हेल्लो स्वास्थ्य'मा सेवासम्बन्धमा गुनासा भए टिपाउन आग्रह गर्दै त्यसको सुनुवाइ भइरहेको दाबी गरे ।


कुवेतमा रोजगार

कम्पनी : FALCON INTERNATIONAL SECURITY CO — शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०८१/०९/०५ — चलानी नं.: ६०२२९९३८ — LT. No.: 315677

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards (Male) | 74 | 0 | स. काममा दक्ष | 135 | ५९,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १३ गते (28 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD. Licence No. 753/064/065

Nagarjun-4, Sitapaila, Kathmandu | Tel: 01-4034677

Mobile: 9810166668, Email: manakamanamfec1@gmail.com


# भक्तपुर अस्पतालमा 'सिटी स्क्यान' र 'मेमोग्राम' सेवा सञ्चालनको तयारी

■ सौर्य समाचार




भक्तपुर । भक्तपुर अस्पतालले 'सिटी स्क्यान' मेसिन सञ्चालनमा ल्याउने भएको छ । यसका लागि बागमती प्रदेश, स्वास्थ्य मन्त्रालयले ८ करोड रुपैयाँमा 'सिटी स्क्यान' मेसिन खरिद गरेको थियो । अस्पतालले नयाँ भवन निर्माण गरेर यही पुस महिनादेखि सो उपकरण सञ्चालनमा ल्याउने तयारीसमेत गरेको छ ।

अस्पतालकी कार्यकारी निर्देशक डा.सुमित्रा गौतमले भवन निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिँदै अस्पताल स्थापना भएको १२० वर्षपछि यही पुस महिनादेखि 'सिटी स्क्यान' मेसिन सञ्चालनमा ल्याउन लागेको बताइन् ।

उनले भनिन्, 'सिटी स्क्यान' उपकरण सञ्चालनमा ल्याउनकै लागि एकतले भवन निर्माण गरिरहेका छौँ", भवन निर्माण सम्पन्न भएसँगै यसै महिनादेखि उपकरण सञ्चालनमा ल्याउँछौँ, अब यहाँ आउने बिरामीले 'सिटी स्क्यान' गर्न अन्य निजी अस्पतालमा महँगो शुल्क तिरेर जानु पर्दैन, यही सहज हुन्छ ।'

यहाँ सञ्चालनमा आउने 'सिटी स्क्यान' मेसिन १० वर्षसम्म मर्मतदेखि त्यसका लागि आवश्यक पेपरसमेत कम्पनीले बेहार्ने सम्झौता भएकाले अब १० वर्षसम्म यो मेसिन बिग्रियो भन्दै वा अन्य बाहनामा मेसिन बन्द नहुने उनले बताइन् ।

अस्पतालकी निर्देशक डा.गौतमले भनिन्, 'सिटी स्क्यान' मेसिन दिने कम्पनीले नै अबको १० वर्षसम्म मेसिन सञ्चालनमा कुनै समस्या नआउने गरी ग्यारेन्टी गरेको छ, मेसिन सञ्चालनका लागि आवश्यक पेपरसमेत १० वर्षसम्मका लागि पुग्ने गरी व्यवस्था गरेको छ, १० वर्षसम्म यो मेसिन सञ्चालनमा अस्पताल ढुक्क भएको छ ।'

बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले बागमती प्रदेश सरकारले भक्तपुर अस्पतालमा ८ करोडको लागतमा 'सिटी स्क्यान' मेसिन र १ करोड १० लाखको लागतमा 'मेमोग्राम' मेसिन सञ्चालनमा ल्याउन लागेको जानकारी दिए ।

उनले भने, 'भक्तपुर अस्पतालमा बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले पहिलोपटक 'सिटी स्क्यान' मेसिन जडान गर्न मेसिन खरिद गरेको छ । यसै महिना सञ्चालनमा आउँछ । यस अस्पतालका लागि 'मेमोग्राम' मेसिन ल्याउन बोलपत्र गरिसकेका छौँ, या मेसिन जडान गरेपछि यहाँका महिलालाई स्तन क्यान्सरको पहिचान एवं स्क्रिनिङ गर्न सजिलो हुन्छ, अन्य अस्पतालमा धाउनु पर्दैन ।' दुवै मेसिन सञ्चालनका लागि आवश्यक दक्ष जनशक्ति पनि सरकारले व्यवस्थापन गरेको उनले बताए ।

अस्पतालले मिर्गौलाका बिरामीका लागि सहज सेवा दिन १० शय्याको डायलासिस कक्षसमेत तयार पारेको छ । 'अस्पतालको आकस्मिक कक्षसँगै रहेको भवनमा १० शय्याको डायलासिस कक्ष तयार पारेका छौँ, प्रदेश र केन्द्रीय स्वास्थ्य मन्त्रालयले डायलासिस मेसिन दिएलगत्तै हामी यो सेवा पनि सञ्चालन गर्छौं, १० शय्याको डायलासिस मेसिन सञ्चालनमा ल्याउन पाए दैनिक कम्तीमा १०० बिरामीलाई सेवा दिन सक्छौँ ।'

# ९ स्थानीय तहमा आधारभूत अस्पताल निर्माण

■ सौर्य समाचार

काठमाडौँ । सरकारले ३ वर्षअघि मुलुकका प्रत्येक स्थानीय तहमा आधारभूत अस्पताल बनाउने योजना अघि बढाएको थियो । हालसम्म ९ स्थानीय तहमा मात्र आधारभूत अस्पताल निर्माण गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका तथ्यांक अधिकृत सूर्यबहादुर खड्काका अनुसार हाल ४२५ स्थानीय तहमा आधारभूत अस्पताल निर्माणको काम भइरहेको छ । मन्त्रालयले अस्पताल नभएका ६५७ स्थानीय तहमा आधारभूत अस्पताल बनाउने निर्णय गरेको थियो । '४७ स्थानीय तहमा सम्झौताअनुसार अस्पताल निर्माण गर्न रकम विनियोजन गरिएको छ । चालु आर्थिक वर्ष २०८१/०८२ मा ८४ स्थानीय तहमा ४ अर्ब ४३ करोड पठाइसकेका छौँ', अधिकृत खड्काले भने ।

सरकारले पहिलो चरणमा ३९६ र दोस्रो चरणमा २६१ स्थानीय तहमा अस्पताल बनाउने निर्णय गरेको थियो । केही पालिकामा जग्गा विवाद र राजनीतिक कारण निर्माण कार्य अघि बढ्न सकेको छैन । सरकारले ३९६ स्थानीय तहमा निर्माणको स्रोत सुनिश्चित गरिसकेको छ । २६१ पालिकामा अस्पताल निर्माण गर्न स्रोत सुनिश्चत भएको छैन ।

'स्रोत सुनिश्चित नभएका स्थानीय तह आफैँले अस्पताल बनाइरहेका छन् । सिन्धुपाल्चोकको सुनकोसी गाउँपालिका आफैँले अस्पताल भवन बनाएको छ', अधिकृत खड्काले भने । उनका अनुसार अहिलेसम्म ३९६ पालिकामा अस्पताल बनाउन ५१ अर्ब ८४ करोड ५५ लाख रुपैयाँ र २६१ पलिकाका लागि ३ अर्ब २० करोड रुपैयाँ विनियोजन गरिएको छ । २०७७ सालमा प्रधानमन्त्री केपी शर्मा ओलीले पालिका तहमा ५, १० र १५ शय्याको अस्पताल निर्माण गर्ने निर्णय गरेका थिए । त्यही अनुसार ८० पालिकामा ५ शय्याको, १५४ पालिकामा १० शय्या तथा ४२३ पालिकामा १५ शय्याका अस्पताल निर्माण गर्न थालिएको हो ।

सरकारले ५ शय्याका लागि ७ करोड ११ लाख ९८ हजार रुपैयाँ, १० शय्याका लागि १० करोड ८३ लाख ३६ हजार रुपैयाँ र १५ शय्याका लागि १८ करोड ६ लाख ४२ हजार रुपैयाँ विनियोजन गरेको छ ।


नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०९/०६

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८१/०७/२१ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सिलबन्दी नं. | योजनाको नाम | दरभाउपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/GOODS/ 2081/082-02 | Supply and Delivery of Stationary Goods | श्री Indreni Trade Link., काठमाण्डौं-३२, काठमाडौँ | रु. १५,९७,५८९।२३ |

सालपा विकास बैंक लि.
SALAPA BIKAS BANK Ltd.
"नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त खोटाङ जिल्ला कार्यक्षेत्र भएको 'ख' वर्गको वित्तीय संस्था"

दिक्तेल-१, खोटाङ.
फोन नं. ०३६-४२०६३८,फ्याक्स नं. ०३६-४२०६३९
ईमेल :salapabikashbank@gmail.com
हलेसी एक्स्टेन्सन काउन्टर हलेसी बजार
फोन नं.:०३६-६९०४८३, ०३६-४१००३९
ऐसेलुखर्क शाखा फोन नं.:०३६-४११७०२
चिसापानी शाखा फोन नं.:९८९२८४२४९८
सिम्पानी शाखा फोन नं.:९८५२८४२६९६

ऋणीहरुलाई कर्जा चुक्ता गर्ने बारेको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८१/०९/०६

यस बैंकको निम्न शाखाबाट देहाय बमोजिमको कर्जा लिने ऋणीहरुले ऋण लिँदा गरिदिएको लिखत र कर्जा/सुविधा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई बुझाउनु पर्ने कर्जा रकमहरु म्याद भित्र चुक्ता नगरेको र बैंकबाट लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले यो **३५ दिने** सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५** दिन भित्र बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा अन्य दैदस्तुर समेत बुझाउन ल्याउन सम्बन्धित ऋणी र धितो जमानी दिने व्यक्ति तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सूचित गरिएको छ। सो म्याद भित्र वक्यौता भएको सम्पूर्ण रकम बैंकलाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले बैंकलाई लेखिदिएको धितो र कथंकदाचित धितोबाट असूल उपर हुन नसके असुल उपर नभई बाँकी रहेको रकम ऋणी वा जिनको एकासंगोल परिवारका नाउँमा रहेको अन्यचल अचल सम्पत्ति र ऋण लिँदा जमानी दिनेको नाममा रहेको वा निजको हकको चल अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नेपाल कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको सेवा रकम असुल उपर गरिलिने तथा ऋणी र व्यक्तिगत जमानतकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा समेत पुर्व जानकारीका लागि सूचित गरिएको छ।

**तपशील**

**दिक्तेल शाखा**

| ऋणीको नामहरु, ठेगाना | व्यक्तिगत जमानीकर्ताहरु | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|
| **१.ऋणीको नाम : राम कुमार राई**<br>बाजे : हर्कसेर राई<br>बाबु : कर्ण बहादुर राई<br>ना.प्र.न : १२१०३६/२५६<br>ठेगाना : चिउरीडाँडा गा.वि.स वडा नं. ९, खोटाङ<br>हाल : दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. ८, खोटाङ | **१. नाम : खगेन्द्र राई**<br>बाजे : चन्द्रमान राई<br>बाबु : निर बहादुर राई<br>ना.प्र.न :१२१०३८/४८८<br>ठेगाना : दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं ४, खोटाङ<br>हाल : दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. १, खोटाङ | **हर्कसेर राई**को नाती **कर्ण बहादुर राई**को छोरा **खोटाङ** जिल्ला **चिउरीडाडा** गा.वि.स. वडा नं. ९ हाल **दिक्तेल रुपाकोट मझुवागढी न.पा.** वडा नं ७ बस्ने, ना.प्र.न १२१०३६/२५६ भएको वर्ष **३३** को **राम कुमार राई** को नाममा मालपोत कार्यालय खोटाङमा दर्ता कायम रहेको खोटाङ जिल्ला **चिउरीडाडा** गा.वि.स. वडा नं. ९ स्थित कि.न ६४०, ६६१ जसको क्षेत्रफल ६-१-३-३, ३-०-२-१ जग्गाहरु तथा घर, टहरा लिगलगापात समेत । |
| **२. ऋणीको नाम : वसन्त राई**<br>बाजे : पण्डुमान राई<br>बाबु : तिलक बहादुर राई<br>ना.प्र.न : १२-०१-७२-००२८०<br>ठेगाना : खार्मी गा.वि.स. वडा नं.९ ,खोटाङ<br>हाल : दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. ११, खोटाङ | **१. नाम : रामधन राई**<br>बाजे : धनबर्ण राई<br>बाबु : विष्णु कुमार राई<br>ना.प्र.न :१२-०१-७४-००५५९<br>ठेगाना : खार्मी गा.वि.स. वडा नं.९ ,खोटाङ<br>हाल : दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. ११, खोटाङ<br><br>**२. नाम : तिलक बहादुर राई**<br>बाजे : जम्बुधन राई<br>बाबु : पण्डुमान राई<br>ना.प्र.न : ११२/९५५<br>ठेगाना : खार्मी गा.वि.स. वडा नं.९ , खोटाङ<br>हाल : दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. ११, खोटाङ | **जम्बुधन राई**को नाती **पण्डुमान राई**को छोरा **खोटाङ** जिल्ला **खार्मि** गा.वि.स. वडा नं. ९ हाल **दिक्तेल रुपाकोट मझुवागढी न.पा.** वडा नं ११ बस्ने, ना.प्र.न ११२/९५५ भएको वर्ष **६३** को **तिलक बहादुर राई** को नाममा मालपोत कार्यालय खोटाङमा दर्ता कायम रहेको खोटाङ जिल्ला **खार्मि** गा.वि.स. वडा नं. ९ स्थित कि.न १९८, २८४, ६३४, ६५५, ६६९, ९०८, १०८७, १०९० जसको क्षेत्रफल २-१५-३-१, ०-६-१-०, १-११-२-०, ३-०-०-२, १-१२-२-२, ०-१५-०-०, ०-१२-०-०, ०-१४-०-० जग्गाहरु तथा घर, टहरा लिगलगापात समेत । |